

# गायक रामकृष्ण ढकालको गायन यात्रा

नेपाली माटो र भाषामा सर्वाधिक रुचाइएका गायक हुन् रामकृष्ण ढकाल । २०४३/०४४ सालदेखि गायनमा सुनिन थालेको यो नाम अहिले पनि त्यति नै चर्चामा छ । लोकप्रिय गायक नारायणगोपालको अर्को पुस्ताको रुपमा उनलाई लिइँदै आइएको छ, संघर्षको कठिन गोरेटोबाट सफलताको फराकिलो राजमार्गसम्म आइपुगेका रामकृष्णमा नेपाली गीति क्षेत्रले गर्व गर्दै आएको छ । संगीत बुझ्नेहरुले उनलाई एउटा व्यक्तिको रुपमा नभई संस्थाको रुपमा पनि हेर्छन् । यो रामकृष्णको व्यक्तित्वको फैलावट पनि हो ।

शिवप्रसाद ढकाल र चन्द्रमाया ढकालका साईला छोरा रामकृष्ण ढकाल २०३१ साल साउन ७ गते निजगढ बारामा जन्मिएका थिए । आजभन्दा २७ वर्ष अगाडी अर्थात् २०४३ सालमा नेपाली सांगीतिक क्षेत्रमा आफ्नो भाग्य परिक्षण गर्न चितवनवाट काठमाडौं छिरेका रामकृष्ण त्यसपछि निरन्तर सांगीतिक यात्रामा छन् । गायक ढकालले प्रारम्भमै आफूलाई हुने विरुवाको चिल्लो पात प्रमाणित गरे । मोफसलका ४० जिल्लामा ढकाल सुमधुर साँझ सम्पन्न गरेर आफ्नो गायकीलाई तिखार्ने ढकालले राजधानीमा १०/१० वर्षको अन्तरमा २०४५/२०५५ सालमा ढकाल सुमधुर साँझ प्रस्तुत् गरिसकेका छन् । यस्ता समारोहहरुमा गाउँदा उनी नारायणगोपाल, मुरलीधर जस्ता गायकलाई बिर्साइदिन्थे, श्रोताहरु मन्त्रमुन्ध बन्थे । उनी नेपाली आधुनिक गायन क्षेत्रका एक स्थापित व्यक्तित्व पनि हुन् । पहिले आधुनिक गायनमा आफ्नो विशिष्ट स्थान बनाउन सफल रामकृष्णले पहिलो गीत २०४५ सालमा रेकर्ड गराएका थिए । दिनेश सुब्बाको शब्द संगीतमा गाइएको त्यो गीतको शब्दास यस्तो छ-

*हाम्रो सुन्दर संसार थियो*
*हुरी आई उडाई दियो*

यही गीतवाट सांगीतिक पाइला सारेका रामकृष्णलाई एकाएक ठूलो सफलता मिल्यो । गीत सर्वत्र हिट भैदिनाले उनी रातारात स्टार बने । यसभन्दा अघि उनी नारायणगोपाल लगायतका अग्रज गायकका गीत गाउँदै हिड्थे । संगीतको मुलवाटो समातेपछि कहिल्यै पछाडि फर्कनु परेन । वाल्यकालमै गरेको सांगीतिक कर्मले उनलाई सबैको प्यारो बनाइदियो । स्कूल-कलेज सवैतिर बढेको उनको क्रेज त्यतिखेर ज्यादै लोभलाग्दो थियो । नारायणगोपालको अवसानपश्चात् थला परेका नेपाली गायनलाई रामकृष्णको गायकीले राम्रै टेवा दियो । नारायणगोपालकै जस्तो गायकी समातेकाले उनी छिट्टै अगाडि बढे । २०५० सालमा एल्वम यात्रा तय गरेपछि त उनको जीवनको रुपै फेरियो । 'आशिर्वाद' उनको पहिलो एल्वम थियो । यो एल्वम शानदार हिट भयो । यसपश्चात् उनले २०५३ सालमा आशिष, २०५५ मा आशा, २०५६ मा आरोह, २०५८ मा आग्रह, २०५९ मा आधार, २०६१ मा आश्रय, २०६२ मा आगमन, २०६५ मा मेरो साथी र २०६७ मा शैली नामक एल्वमहरु नेपाल गीतिक्षेत्रमा ल्याइसकेका छन् । यी सवै एल्वम नेपाली संगीतमा चर्चित छन् । प्रायः सवै एल्वमले सांगीतिक बजारमा राम्रै टेवा पनि पुऱ्यायो । यि एल्वम मध्ये २०५५ सालमा निक्लेको 'आशा' एल्वमलाई सर्वाधिक श्रोताले मनपराएका थिए । यो एल्वमले दुईपटक वर्षकै उत्कृष्ट एल्वमको अवार्ड पनि पायो ।

*ओराली लागेको हरिणको चाल भो*
*बाँचुन्जेलसम्म पनि मरेकै हाल भो*
*छल गऱ्यो मायाले*

यो गीत त्यतिखेरको सर्वाधिक हिट गीत थियो । यसै एल्वममा समावेश 'मनपराउने हजार भेटिन्छन्' र 'कहिले छायाँसँग खसे' जस्ता गीत पनि हिट भए । प्राय सबै राम्रा गीत समावेश भएकाले यो एल्वम सर्वत्र रुचाइयो । 'आशा' नेपाली संगीतकै प्रतिनिधि एल्वम हो भन्दा फरक पर्दैन ।

*विहान उठ्ने बितिकै हिमाल देख्न पाइयोस*
*यी हातले सधैं-सधैं नेपाल लेख्न पाइयोस्*

सिंगो राष्ट्र नै बोल्न सफल राष्ट्रिय भावनाले ओतप्रोत यो गीत रामकृष्णले २०५७ सालमा 'छायाँ' एल्वममा गाएका थिए । यो जीवन्त गीतले ढकाललाई दरिलो सांगीतिक उचाई प्रदान गरिदियो । गीतकार कालीप्रसाद रिजालको शब्दमा तयार पारिएको यो गीत राष्ट्रिय गीतको श्रृखलामा सबैभन्दा लोकप्रिय मानिन्छ ।

२०६९ सालमा आएर ढकालले अर्को एउटा ऐतिहासिक उपलब्धी नेपाली संगीत क्षेत्रमा भित्र्याएका छन् । उमेरले ८४ वर्ष पार गरेकी विश्व प्रसिद्ध भारतीय गायिका लता मंगेशकरसँग आफ्नो नयाँ एल्वम 'बाँचुन्जेल' को लागि युगल गीत गाएर उनले नेपाली संगीतलाई गौरवशाली वनाएका छन् । मुम्बईको स्वरलता स्टुडियोमा लतासँगै उभिएर नेपाली गीत गाउनु कुनै पनि गायकलाई सबैभन्दा खुशीको क्षण हो । त्यो दिन रामकृष्णको लागि एउटा ऐतिहासिक दिन थियो । एउटा नेपाली गायकका लागि यो काम आफैमा एउटा ऐतिहासिक उपलब्धी हो ।

लतासम्म पुग्नु चुनौतीपूर्ण कार्य थियो । मुम्बईमै वस्ने शिखर सन्तोषले ठूलो कसरत गरे । लताका भन्दा गायक वैजनाथ मंगेशकर र मयुरेश पाईको सहयोगमा रामकृष्णको स्वरमा गीत रेकर्ड गरेर लताको घरमा एउटा सिडी पुऱ्याइयो गीत सुन्ने वित्तिकै लताले मनपराइन् । उनी गाउन तयार भइन् । अन्तत ! गीत रेकडिङ्ग भयो ।

*फूलभन्छ फूलिरहौं जुनभन्छ चम्किरहुँ*
*मन त भन्छ सबैसँग मायामोह राखिरहुँ*
*बाँचुन्जेलीलाई बाँचुन्जेलीलाई*

यसरी रामकृष्णले लतासँग गीत गाउने अवसर पाउनु नेपाली संगीत क्षेत्रकै उपलब्धी हो । यो सफलता रामकृष्णको मात्र होइन सारा नेपालीहरुकै हो ।

रेडियो नेपालमा २०५१ सालदेखि २०५८ सालसम्म उद्घोषण कार्यमा संलग्न रहेको रामकृष्णले धेरै रियालिटी शोमा निर्णायकको भूमिका पनि निर्वाह गरिसकेका छन् । भ्वाइस अफ टिन, सिङ्गिङ स्टार, कलेज आईडियल जस्ता कार्यक्रममा उनको निर्णय क्षमताको सर्वत्र तारिफ भएको छ ।

रामकृष्णको २७ वर्ष लामो गायन यात्रामा उनले 'कर्म गर फलको आशा नगर' भन्ने सुक्तीलाई निक्कै मनन् गरेका छन् । भोको पेटले कम गर्न सक्दैन भन्ने कुरा थाहा हुँदाहुदै पनि उनले त्यसको वास्तै नगरी सृजनात्मक कामको निरन्तर पछि लागे फलस्वरुप उनले धेरै कुरा प्राप्त गरे श्रोताको न्यानो माया र नेपालीको प्रिय गायक वन्ने सौभाग्य पनि पाए । उनको कर्म क्षेत्र बलियो छ । उनी जहाँ हात हाल्छन् त्यो सफल हुन्छ भन्ने मान्यता स्थापित भैसकेको छ । उनको कामको र योग्यताको कदर भएको पनि छ । उनले मान-सम्मान पाएका छन् किनकी काम थाल्दै नथाल्ने थालेपछि छाड्दै नछाड्ने र टुङ्गोमा पुऱ्याएर छाड्ने बानीका कारण रामकृष्ण सफल छन् । उनलाई मान-सम्मानले पछ्याएको छ । हालसम्म दुई दर्जन पुरस्कार तथा सम्मान प्राप्त गरिसकेका छन् । २०४५ सालमा फ्रान्सेली साँस्कृतिक केन्द्रद्वारा आयोजित प्रतियोगितात्मक गायन प्रतियोगितामा दोश्रो स्थान प्राप्त गरेर पुरस्कृत हुने क्रममा उनले राष्ट्रव्यापी आधुनिक गीत प्रयोगितामा दोश्रो (२०४८), अभियानश्री पुरस्कार, गोरखा दक्षिणवाहु, नारायणगोपाल युवा संगीत पुरस्कार, इमेज अवार्ड, हिट्स एफ.एम. अवार्ड, राष्ट्रिय प्रतिभा पुरस्कार, छिन्नलता गीत पुरस्कार, कान्तिपुर म्यूजिक अनर आदि सवै सांगीतिक पुरस्कार पाइसकेका छन् । सबैभन्दा कम उमेरमा गोरखा दक्षिण बाहु पदक विजेता संगीतकर्मी पनि रामकृष्ण नै हुन् ।

सानो चिटिक्क परेको परिवारमा रमाउँदै धर्मपत्नी निलम र छोरी रानीको माया, सद्भाव लिंदै आफ्नो गायनयात्रालाई अगाडि बढाउँदै आएका रामकृष्ण ढकाल हाल प्रस्तोता समाज नेपालका अध्यक्ष पनि हुन् । नेपालमा संगीतको विकासमा गायकहरुको योगदानलाई समयसापेक्ष बनाउँदै आफ्नो हक, अधिकार दिलाउन लागिपरेका ढकाल यो संस्थाका संस्थापक अध्यक्ष पनि हुन् । आधुनिक गायनमा उनको ठूलो योगदान र पहिचान कायम छ । ढकाल नेपाली संगीतका सफल र राम्रा गायक हुनभन्दा दुई मत पक्कै हुँदैन ।